# मरिण गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## कपिलाकोट, सिन्धुली
## वागमती प्रदेश, नेपाल

### खरिद कार्यको लागि सिलवन्दी दरभाउपत्र आह्वानको सूचना ।

**प्रथम पटक सूचना प्रकाशित मितिः २०८१/०९/२१**

आ.व. २०८१/२०८२ को वार्षिक कार्यक्रम अनुसार सिलवन्दी दरभाउपत्रको माध्यमवाट पाइप तथा फर्निचर खरिद गर्नु पर्ने भएकोले इजाजत प्राप्त इच्छुक कम्पनी, फर्म वा सप्लायर्सलाई निम्नलिखित शर्तहरुको अधीनमा रहि सिलवन्दी दरभाउपत्र आह्वान गरिएको छ ।

१. यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र कम्पनी, फर्म वा कम्पनीले चालु आ.व. २०८१/२०८२ मा नवीकरण भएको ईजाजत पत्रको प्रमाणित प्रतिलिपि, आयकर दर्ताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि, आ.व. २०८०/२०८१ सम्मको कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि मरिण गाउँ कार्यपालिकाको कार्यालय, कपिलाकोट, सिन्धुलीमा रु. १०००।- तिरेको (फिर्ता नहुने गरी) नगदी रसिद वा राष्ट्रिय वाणिज्य वैंक, कपिलाकोटमा रहेको आन्तरिक राजश्व खाता नं. ग-१-१ १५३००३०१०१०००२ मा नगदै जम्मा गरेको सक्कल वैंक भौचर निवेदनका साथ राखि सम्वन्धित कम्पनी, फर्म वा सप्लायर्स वा निजको प्रतिनिधिले यस कार्यालयवाट दरभाउ पत्र सम्वन्धी कागजात खरिद गर्नुपर्नेछ ।

२. दरभाउ पत्र खरिद गर्दा कार्यालय प्रमुखको दस्तखत र कार्यालयको छाप लागेको हुनु पर्नेछ । सूचना प्रकाशन भएको मितिले १६ औ दिनको १२:०० बजेभित्र पेश गर्नु पर्नेछ । उक्त दरभाउपत्र १६ औ दिनको २:०० बजे खोलिनेछ । दरभाउपत्रदाताहरु वा निजहरुको अनुपस्थित भएमा पनि दरभाउपत्र खोल्न वाधा पर्ने छैन । खरिद गरिएको दरभाउ पत्रमा उल्लेख भएका सवै विवरणहरु प्रष्टसँग भरी सम्वन्धित दरभाउदाताले प्रत्येक पानामा सही छाप गरी सिलवन्दी गरी खाम वाहिर फर्मको नाम र ठेक्का नं प्रष्टसँग उल्लेख गर्नुपर्नेछ ।

३. दरभाउपत्र खरिद वा दाखिला गर्ने वा खोल्ने दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु त्यस पछिको लगत्तै कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

४. कबोल रकम उल्लेख गर्दा तोकिए बमोजिम लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ ।

५. कुनै शर्त राखि पेश गरिएको सिलबन्दी दरभाउपत्र स्विकार गर्ने वा नगर्ने सम्पूर्ण अधिकार कार्यालयमा सुरक्षित रहनेछ ।

ढ६. सिलवन्दी दरभाउ पत्र साथ यस कार्यालयको नाममा जमानत वापत उल्लेख भए अनुसारको रकम राष्ट्रिय वाणिज्य वैंक कपिलाकोटमा रहेको धरौटी खाता नं. ग-३ १५३००३०३००००२ मा नगदै जम्मा गरेको सक्कल वैंक भौचर वा सिलवन्दी दर्ता गर्ने अन्तिम मितिवाट ७५ दिन मान्य अवधि भएको नेपाल सरकारवाट मान्यता प्राप्त वैंकवाट यस कार्यालयको नाममा जारी भएको वैंक जमानत अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

७. सूचनाका शर्त विपरित भएको, रीत नपुगेको र म्याद नाघी पेश हुन आएको दरभाउ पत्र उपर कुनै कारवाही गरिने छैन ।

९. उल्लेखित सूचनामा आवश्यक कुराहरु संशोधन गर्नुपर्ने भएमा कार्यालयको सूचना पाटीमा टाँस वा वेभसाईटमा राखिनेछ ।

१०. एक फर्म वा कम्पनीको नाममा खरिद गरिएको दरभाउ पत्र अर्को फर्म तथा कम्पनीको नाममा दाखिला गर्न पाईने छैन ।

११. यस सूचनामा उल्लेख नभएका कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार हुनेछ ।

| ठेक्का नं. | कामको विवरण | मू.अ. कर समेत ल.ई. रकम रु. | जमानत वापतको रकम रु. | कैफियत |
|---|---|---|---|---|
| SQ/Goods/05/2081-082 | पाइप खरिद | १८,७९,५१०।५५ | ५०,०००।- | |
| SQ/Goods/06/2081-082 | फर्निचर खरिद | १८,६८,६०३।०३ | ५०,०००।- | |

०८१/०९/२१

विकास सुन्दास
प्रमुख प्रशासकीय अधिकृत